विनयोजन विधेयक, २०८३

बैजनाथ गाउँपालिका, बाँकेको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभामा पेश मितिः २०८३/०३/१०

सभाबाट स्वीकृत मिति :२०८३/०३/३१

प्रस्तावना :

बैजनाथ गाउँपालिका, बाँकेको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "बैजनाथ गाउँपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन संवत् २०८३ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित शिर्षकहरुका चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ९३,२९,६५,०६३.००|- (अक्षेरुपी त्रियानब्बे करोड उनान्तीस लाख पैसट्ठी हजार त्रिसट्ठी रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त बैजनाथ गाउँपालिका, बाँकेको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

४. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः**

(१) प्रचलित कानून बमोजिम अख्तियारी प्राप्त भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई विनियोजन ऐनमा भएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्ने अधिकार हुनेछ।

(२) उपदफा(१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा गाउँ कार्यपालिकाको कार्यालयले निकासा भुक्तानी पाउनुपर्ने निकासा भुक्तानी प्राप्तकर्तालाई विनियोजन भएको रकम निकासा तथा भुक्तानी दिनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा समावेश (प्रविष्टि) भएको कार्यकमलाई बजेट कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

५. रकमान्तर तथा स्रोत व्यवस्थापन :

(१) दफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न, निकासा र खर्च जनाउन तथा चालु, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ ।

तर पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सुरु विनियोजन नभएको खर्च संकेतमा तथा नयाँ योजना तथा कार्यक्रममा आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा र असार महिनामा रकमान्तर गर्न पाईने छैन।

६. वित्तीय अनुशासन सम्बन्धी व्यवस्था :

(१) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण बापतको रकम,

राजस्व बाँडफाँडको रकम तथा आन्तरिक राजस्वको रकम गाउँपालिकाको सञ्चित कोषमा दाखिला गरी खर्च गर्नुपर्नेछ।

(२) बजेट तथा खर्च लेखाङ्कन, आन्तरिक राजस्व संकलन, कार्य संचालन कोष तथा अन्य कोष, सम्पत्ति तथा दायित्व र धरौटीको लेखा राख्दा र प्रतिवेदन गर्दा महालेखा नियन्त्रक कार्यालयबाट तोकिएका तथा संचालनमा आएका विद्युतीय प्रणालीहरु लागू गर्नुपर्नेछ ।

(३) स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएको बाहेक थप आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा गाउँ कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ।

(४) नेपाल सरकार तथा प्रदेश सरकारबाट गाउँपालिकालाई प्राप्त सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक बर्षभित्र खर्च नभई बचत भएमा गाउँ कार्यपालिकाको कार्यालयले तोकिएको अवधीभित्र संघीय सञ्चित कोष तथा प्रदेश सञ्चित कोषमा फिर्ता गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

७. **<u>योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u>**

(१) नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तरगतको वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना तथा कार्यकम कार्यान्वयन गर्दा स्रोत फुकुवा भई निकासा भएपछि मात्र आयोजना तथा कार्यकम कार्यान्वयन तथा संचालन गर्नुपर्नेछ।

(२) पूँजीगत खर्चको सार्वजनिक निर्माणतर्फ वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रमका लागि विनियोजित बजेट सामान्यतया २०८४ बैशाख मसान्तसम्म खर्च वा सम्झौता वा खरिद प्रक्रिया आरम्भ गरिसक्नुपर्नेछ ।

(३) वार्षिक स्वीकृत कार्यकमको कार्यान्वयन नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँट बापत प्राप्त हुने राजस्व साथै आन्तरिक राजस्व संकलन भएको अनुपातको आधारमा हुनेछ। लक्ष्य अनुरुप वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड र आन्तरिक राजस्व संकलन तथा आम्दानी हुन नसकेमा गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृत कार्यकम तथा योजनाको कार्यान्वयन प्रक्रिया रोक्का राख्ने वा प्राथमिकता निर्धारण गरी संचालन कार्यान्वयन गर्न सक्नेछ ।

(४) वार्षिक स्वीकृत बजेट भित्रका योजना तथा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्न लेखा उत्तरदायी अधिकृतबाट अनिवार्य स्वीकृती लिनुपर्नेछ । स्वीकृती नलिई

संचालन तथा कार्यान्वयन भएका योजना तथा कार्यकमको भुक्तानी गाउँ कार्यपालिकाको कार्यालयले रोक्का गर्न सक्नेछ।

(५) गाउँ कार्यपालिकाको कार्यालयबाट बोलपत्र वा सिलबन्दी दरभाउपत्र मार्फत संचालन तथा कार्यान्वयन हुने आयोजना तथा कार्यकमहरुमा घटी कबोल भए बापत बचत हुन जाने रकमबाट थप आयोजना तथा कार्यक्रम संचालन तथा कार्यान्वयन गर्दा प्रचलित कानुन बमोजिम गर्नु पर्ने छ |

(६) वार्षिक स्वीकृत आयोजना तथा कार्यकम सम्झौता बमोजिम संचालन कार्यान्वयन सम्पन्न भए पश्चात् कार्यसम्पन्न भएको मितिले १५ दिन भित्र भुक्तानीको लागि सम्पूर्ण प्रक्रिया र रीत पूरा गरी आवश्यक पर्ने कागजात सहित गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। सम्पूर्ण प्रक्रिया पूरा भई आवश्यक कागजात सहित रीतपूर्वक कार्यालयमा पेश भएका भुक्तानीको बजेट र स्रोत सुनिश्चित गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

(७) उपभोक्ता समिति र लाभग्राही समूहबाट संचालन हुने आयोजना तथा कार्यक्रम संचालन एवं कार्यान्वयन गर्दा उपभोक्ता समिति तथा लाभग्राही समूहले सम्झौता भएको मितिले १५ दिन भित्र कार्य प्रारम्भ गर्नु पर्नेछ नगरेको खण्डमा गाउँ कार्यपालिकाको कार्यालयले सम्झौता रद्द गर्न सक्नेछ।

(८) उपभोक्ता समिति र लाभग्राही समूहबाट संचालन तथा कार्यान्वयन हुने आयोजना तथा कार्यकमको सम्झौताको म्याद थप हुने छैन।

तर बिशेष परिस्थितिमा म्यादथप गर्नु परेमा कार्यपालिकाको निर्णय बमोजिम हुने छ |

(९) प्रचलित कानूनले तोकेको अधिकारी वा निजले तोकेको जिम्मेवार व्यक्ति वाहेक कुनै पनि पदाधिकारी, कर्मचारी, व्यक्ति तथा संस्थाले गाउँ कार्यपालिकाको कार्यालयलाई आर्थिक व्ययभार पर्ने दायित्व सिर्जना गर्न पाउने छैन। यसरी सिर्जना भएको दायित्व लेखा उत्तरदायि अधिकृतले मनासिव ठानेमा बाहेक भुक्तानी हुन सक्ने छैन ।

(१०) आर्थिक वर्ष २०८३/०८४ को आर्थिक कारोवारको प्रचलित कानून बमोजिम खाताबन्दी गर्ने र हिसाब मिलान गर्ने व्यवस्था गाउँ कार्यपालिकाको कार्यालयले मिलाउनु पर्नेछ। चालु आर्थिक वर्षमा स्वीकृत बजेट, आयोजना तथा कार्यक्रमको भुक्तानी प्राप्तकर्ताले नियमानुसारको भुक्तानी पाउनको लागि चालु प्रकृतिका कार्यक्रमहरुको हकमा २०८४ जेष्ठ मसान्त तथा पुँजिगत प्रकृतिका योजनाहरुको

हकमा २०८४ असार १५ भित्रै भुक्तानी प्रक्रियाका सम्पूर्ण रीत पूरा गरी कागजात सहित गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरिसक्नु पर्नेछ।

(११) सामाजिक विकास क्षेत्रको शिक्षा उपक्षेत्र अन्तरगतका संघिय तथा प्रदेश सरकारकारबाट प्राप्त भएका आयोजना तथा कार्यक्रममा विनियोजित रकमबाट स्वीकृत संघिय तथा प्रदेश निर्देशिका बमोजिम विद्यालय तथा अन्य शैक्षिक संस्थाहरुलाई सोझै भुक्तानी निकासा दिन बाधा पर्ने छैन।

(१२) उपदफा (१२) बमोजिम निकासा गरिएको रकम नियमानुसार खर्च गर्ने, प्रतिवेदन गर्ने, लेखापरीक्षण गराउने तथा श्रेस्ता सुरक्षित राखे जिम्मेवारी भुक्तानी निकासा पाउने संस्थाको हुनेछ। भुक्तानी निकासा भएको रकमको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम हुनेगरी खर्च गर्ने जिम्मेवारी भुक्तानी निकासा प्राप्त गर्ने संस्थाको हुनेछ ।

(१३) कुनै पनि शाखा, इकाई, वडा कार्यालय तथा संस्थाबाट आयोजना तथा कार्यकमको भुक्तानी सिफारिस गर्दा खर्चको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता पुष्टि हुने तथा मूल्य, गुणस्तर र परिमाण फरक नपर्ने सुनिश्चित गरी भुक्तानी मनासिव रहेको स्पष्ट खुलाई सिफारिस गर्ने जिम्मेवारी सम्बन्धित शाखा, इकाई, वडा कार्यालय तथा संस्थाको जिम्मेवार पदाधिकारीको हुनेछ ।

८. <u>निर्देशिका, कार्यविधि, मापदण्ड, मार्गदर्शन बनाउन सक्ने:</u>

(१) बजेट विनियोजनलाई प्रभावकारी बनाउन तथा यस ऐनको कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड वा मार्गदर्शन बनाई लागु गर्नसक्नेछ।

अनुसूची-१
कुल विनियोजित बजेट

क्र. सं.	बजेट उपशीर्षक	चालु	पूंजीगत	जम्मा
१	८०५५७५०५१०१ बैजनाथ गाउँपालिका	१३,७०,८४,५२०.००	५३,००,०००.००	१४,२३,८४,५२०.००
२	८०५५७५०५१०३ बैजनाथ गा पा को समपुरक कोष	१५,४७,०००.००	२,३९,००,०००.००	२,५४,४७,०००.००
३	८०५५७५०५१०४ पालिका स्तरीय मर्मत कोष	०	१०,००,०००.००	१०,००,०००.००
४	८०५५७५०५१०६ किसानसंग पालिका प्रमुख कार्यक्रम /परियोजना	५८,००,०००.००	४,२४,६०,०००.००	४,८२,६०,०००.००
५	८०५५७५०५१०७ बैजनाथ कृषि बिकास सेवा	५८,००,०००.००	४,००,०००.००	६२,००,०००.००
६	८०५५७५०५१०८ बैजनाथ गाउँपालिका पशु स्वास्थ्य सेवा	२२,५०,०००.००	१२,००,०००.००	३४,५०,०००.००
७	८०५५७५०५१०९ महिला बालबालिका जेष्ठनागरिक तथा सामाजिक समाबेशिकरण	८८,००,०००.००	०	८८,००,०००.००
८	८०५५७५०५११० बैजनाथ स्वास्थ्य सेवा	१,०३,३३,०००.००	२३,००,०००.००	१,२६,३३,०००.००
९	८०५५७५०५१११ बैजनाथ शिक्षा युवा तथा खेलकुद	५,२४,२३,८००.००	२८,००,०००.००	५,५२,२३,८००.००
१०	८०५५७५०५११२ बन वाताबरण तथा बिपद ब्यबस्थापन	३४,७५,०००.००	१०,००,०००.००	४४,७५,०००.००

११	८०५५७५०५११३ पालिकाको पूर्वाधार बिकास कार्यक्रम	१०,००,०००.००	७,२६,५०,०००.००	७,३६,५०,०००.००
१२	८०५५७५०५११४ भूमि, उद्योग सहकारी	५८,००,०००.००	०	५८,००,०००.००
१३	८०५५७५०५११५ सुशासन तथा संस्थागत क्षमता बिकास	१६,५०,०००.००	५,००,०००.००	२१,५०,०००.००
१४	८०५५७५०५११६ रोजगार प्रबर्धन कार्यक्रम	४६,५०,०००.००	८,००,०००.००	५४,५०,०००.००
१५	८०५५७५०५११७ पंजिकरण शाखा	३,००,०००.००	५,००,०००.००	८,००,०००.००
१६	८०५५७५०५११८ न्याय, कानुन तथा न्यायिक समिति	२६,६०,०००.००	०	२६,६०,०००.००
१७	८०५५७५०५११९ बैजनाथ गाउँपालिका-दायित्व	०	५,६९,२६,७४३.००	५,६९,२६,७४३.००
१८	८०५५७५०५२०१ बैजनाथ गाउँपालिकावडा नं.१	११,४२,५७०.००	९७,८७,४३०.००	१,०९,३०,०००.००
१९	८०५५७५०५२०२ बैजनाथ गाउँपालिकावडा नं.२	११,०७,१६०.००	७३,८६,८४०.००	८४,९४,०००.००
२०	८०५५७५०५२०३ बैजनाथ गाउँपालिकावडा नं.३	१४,८४,१८०.००	६०,०३,८२०.००	७४,८८,०००.००
२१	८०५५७५०५२०४ बैजनाथ गाउँपालिकावडा नं.४	११,३५,१००.००	७२,४१,९००.००	८३,७७,०००.००
२२	८०५५७५०५२०५ बैजनाथ गाउँपालिकावडा नं.५	१२,४२,९८०.००	६८,४९,०२०.००	८०,९२,०००.००

२३	८०५५७५०५२०६ बैजनाथ गाउँपालिकावडा नं.६	१८,८८,५३०.००	५३,२५,४७०.००	७२,१४,०००.००
२४	८०५५७५०५२०७ बैजनाथ गाउँपालिकावडा नं.७	१२,९१,२४०.००	४४,३०,७६०.००	५७,२२,०००.००
२५	८०५५७५०५२०८ बैजनाथ गाउँपालिकावडा नं.८	११,७१,२८०.००	७६,६६,७२०.००	८८,३८,०००.००
२६	८०५५७५०५५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान)	३०,५५,००,०००.००	७,१७,००,०००.००	३७,७२,००,०००.००
२७	८०५५७५०५५१२ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान)	०	२,४३,००,०००.००	२,४३,००,०००.००
२८	८०५५७५०५५२१ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान)	१०,००,०००.००	८०,००,०००.००	९०,००,०००.००
२९	८०५५७५०५५२२ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान)	०	२०,००,०००.००	२०,००,०००.००
	जम्मा	५६,०५,३६,३६०.००	३७,२४,२८,७०३.००	९३,२९,६५,०६३.००